गाउँसभाको मिति २०८० असार ७ गते बिहिबार बैठकमा

उपाध्यक्ष श्री मञ्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/८१ को

राजस्व र व्ययको अनुमान

# बजेट बक्तव्य

सुर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
२०८० असार ७

सुर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम कार्यान्वयनको मूल दस्ताबेज बजेट सुर्यगढी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा अत्यन्तै गौरवान्वित महसुस भएको छ। यस महत्वपुर्ण अवसरमा विभिन्न कालखण्डमा नेपालको राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिई शाहदत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली एवम् श्रद्धासुमन अर्पण गर्दछु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि एवम् संघीय शासन प्रणाली स्थापित गर्नका लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली जनता र नेतृत्वमा रहनु भएका राजनीतिक शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

संघीय गणतन्त्र नेपालको स्थापना भए पश्चात जनताको जनादेश प्राप्त संविधानसभा मार्फत सिर्जित संविधानको कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भई तपाई हामी सुर्यगढी गाउँपालिकाबासीको स्थानीय सरकारको प्रतिनिधिको रुपमा सेवा गर्ने सुअवसर प्राप्त गरेका छौं। विकास भनेको जनताका अपेक्षाहरुलाई सम्बोधन गर्ने क्रममा सरकारले सकारात्मक परिवर्तनका लागि गर्ने प्रयत्नहरुको निरन्तर प्रक्रिया रहेछ। त्यसैले गत विगतका गाउँसभामा प्रस्तुत भएका जनताका चाहानाहरु अहिले पनि निरन्तर रहिरहेको अवस्थालाई मध्यनजर गर्न जरुरी छ।

सभाध्यक्ष्ज्यु,

आर्थिक वर्ष २०७९/८० मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान रकम रु. ८,६६,००,०००।- (आठ करोड छैसठ्ठी लाख), संघीय सशर्त अनुदान तर्फ रकम रु. १५,१३,००,०००।- (पन्ध्र करोड तेह्र लाख), विशेष अनुदान तर्फ रकम रु. १,३०,००,०००।- (एक करोड तीस लाख), समपुरक अनुदान तर्फ रकम रु. ५०,००,०००।- (पचास लाख), राजश्व बाँडफाँडबाट रु. ६,६३,२०,०००।- (छ करोड त्रिसठ्ठी लाख बीस हजार) र सामाजिक सुरक्षातर्फ रु. ८,००,००,०००।- (आठ करोड) गरी नेपाल सरकारबाट जम्मा रकम रु. ४०,२२,२०,००० (चालिस करोड बाईस लाख बीस हजार) प्राप्त भएको थियो।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु. ७३,३६,०००।- (त्रिहत्तर लाख छत्तीस हजार), सशर्त अनुदान तर्फ रु. २,२२,४३,०००।-(दुई करोड बाईस लाख त्रिचालीस हजार), विशेष अनुदान तर्फ रु.

२,२५,००,०००।- (दुई करोड पच्चीस लाख), समपुरक अनुदान तर्फ रु. २,९७,०२,०००।-(दुई करोड सन्तानब्बे लाख दुई हजार), राजश्व बाँडफाँडबाट रु. १,००,४१,०००।- (एक करोड एकचालीस हजार), आन्तरिक श्रोततर्फ रु ३५,००,०००।- (पैतीस लाख) गरी जम्मा ९,५३,२२,०००।- (नौ करोड त्रिपन्न लाख बाइस हजार) प्राप्त भएको थियो।

सभाध्यक्षज्यू,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को आय व्ययको विवरण प्रस्तुत गर्दछु।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरुमा गाउँपालिकाले झेल्न परेका समस्याहरु जस्तै कोरोना विरुद्धको गतिविधि, समाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०८०/८१ को बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु।

आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकामा संघीय सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७,५६,००,०००।- (सात करोड छपहन्न लाख), संघीय सशर्त अनुदान (चालु) तर्फ रु. १५,७४,००,०००।- (पन्त्र करोड चौहत्तर लाख), संघीय सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ५५,००,०००।- (पचपन्न), विशेष अनुदान तर्फ रु. १,२०,००,०००।- (एक करोड बीस लाख), समपुरक अनुदान तर्फ रु. १,००,००,०००।- (एक करोड), राजश्व बाँडफाँडबाट प्राप्त रु. ६,४९,८४,६००।- (छ करोड उन्नचास लाख चौरासी हजार छ सय) प्राप्त हुने अनुमान गरिएको छ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु.६९,५०,०००।- (उनान्सत्तरी लाख पचास हजार), सशर्त अनुदान (चालु) तर्फ रु. १,३२,१०,०००।- (एक करोड बत्तीस लाख दस हजार), सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ४५,००,०००।- (पैतालीस लाख) राजश्व बाँडफाँड तर्फ १,१०,०२,८४९।- (एक करोड दस लाख दुई हजार आठ सय उनन्चास), समपुरक अनुदान तर्फ रु. २,००,००,०००।- (दुई करोड) प्राप्त हुने अनुमान गरिएको छ। आन्तरिक आयतर्फ रु. ४०,००,०००।- (चालीस लाख) राजश्व संकलन हुने अनुमान गरिएको छ । आ.व. २०८०/८१ को अनुमानित कुल बजेट ३८,५१,४७,४४९।- (अढतिस करोड एकाउन्न लाख सड्चालिस हजार चार सय उनन्चास) प्रस्ताव गरेको छु।

**<u>आर्थिक विकास</u>** (कृषि तथा पशुपंक्षी, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र) तर्फ रकम रु. ९०,००,०००।- (नब्बे लाख) विनियोजन गरेको छु।

**<u>सामाजिक विकास</u>** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन) तर्फ रु. ८,००,००,०००।- (आठ करोड) विनियोजन गरेको छु।

**<u>पुर्वाधार विकास</u>** (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सञ्चार) तर्फ रु. १५,२६,००,०००।- (पन्ध्र करोड छब्बीस लाख) विनियोजन गरेको छु।

**<u>वातावरण तथा विपद् व्यवस्थापन</u>** (वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ल्यान्डफिल साइट, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ रु. ३५,००,०००।- (पैतीस लाख) विनियोजन गरेको छु।

महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकांश महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>** (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास) तर्फ रकम रु. १४,००,४७,४४९।- (चौध करोड सठचालीस हजार चार सय उन्नचास) विनियोजन गरेको छु।

अन्त्यमा आजकै बैठकमा प्रस्तुत सुर्यगढी गाउँपालिकाको आ.व. २०८०/८१ को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजश्व र बजेट सम्बन्धी कानुन बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिवी तथा राजनैतिक दलका मित्रहरु एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपमा भुमिका खेल्नुभएका सुर्यगढी गाउँपालिकाका सम्पुर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु।

**धन्यवाद!!!**